# ८ आराधनामा संकट, समानुरुपता र सम्झौता

<u>*यस अध्यायको निम्ति पढ्नुहोस्:*</u> उत्पत्ति ६:५, व्यवस्था १२:८, १३:१८, १ राजा ११:१-१३, १ राजा १८, यर्मिया १७:५, मलाकी ३:१६-४:६।

<u>*स्मरण गर्नुपर्ने पद:*</u> "हुर्केका मानिसहरूको निम्ति ठोस वा खँदिलो खाना हुन्छ। धेरै अभ्यास गरेर तिनीहरूले आफूलाई तालिम दिइएको हुन्छ। यस्ता मानिसहरूले असल र खराब छुट्याउन सक्दछन्।" (हिब्रू ५:१४)।

सन् १९५४को दशकमा नोबेल पुरस्कार बिजेता बिलायतका साहित्यकार बिलियम गोल्डिङ्गले *द लर्ड अभ द फ्लाइज* नाम गरेको उपन्यास लेखेको थियो। यस काल्पनिक कथामा एक बिलायती केटाहरूको समूहको बारेमा लेखिएको छ। तिनीहरू एउटा हवाई जहाजमा आफन्तहरूसँग यात्रा गरिरहेका थिए र अचानक त्यो हवाई जहाज दुर्घटना भयो। एक टापुमा जहाज दुर्घटनाग्रष्ट भएर त्यहाँ भएका सबै ठुलाबडाहरूको देहान्त भयो। तर केटाहरूचाहिँ बालबाल बचेका थिए। ती केटाहरू त्यस अनकङ्टार टापुमा अड्केका थिए। साहित्यकार गोल्डिङ्गले वर्तमान सभ्यतालाई प्रतिविम्ब गर्दै त्यस समसामयीक दृष्टान्त रचेको थियो। मानिसहरू स्वभावैले कस्तो दुष्ट छन् भनेर त्यस कथाले देखाउन खोजेको थियो। नाबालक केटाहरूलाई प्रयोग गरेकोले यस कथा अत्यन्त प्रभावशाली भएको थियो। केटाकेटीहरू सोझो र निर्दोष हुनुपर्थ्यो। ठुलाबडाहरूको नजर नभएर टापुमा एक्लिएका ती केटाहरू केहि समयपछि बदमाश हुन थाले, दुष्ट हुन थाले र एक आपसमा बिद्रोह गर्न थाले। मानव हृदयमा स्वभावले नै दुष्टता छाएको हुन्छ भनेर साहित्यकार गोल्डिङ्गले प्रस्तुत गर्न खोजेको पाउँछौं।

"हामीलाई थाहा नभएको कुरा भन्नुहोस् न" भनेर इसाईहरूले जिज्ञासा राख्न सक्दछन्। जब इसाई प्रचारकले वाचन गर्दछन्, उसको प्रवचनमा मानविय खराब र पापलाई प्रायजसो चित्रण गरिएकै हुन्छ।

यस विषयमा बाइबल स्पष्ट भएको पनि हामी पाउँछौं। दुष्ट नियतले मानिस परिचालित हुनु अत्यन्त खराब हो भन्ने कुरामा कसैले असहमत जनाउँदैन। दुष्टता आफै नै खराब हो। यद्यपि, कसैलाई केलाएर सोध्यौं भने "दुष्ट भनेको के हो" भनेर सोध्दा शायद कसैले पनि मिल्दोजुल्दो वा चित्तबुझ्दो जवाफ दिन सक्दैन भनेर हामी ठोकुवा गर्न सक्दछौं।

आराधनाको बिषयमा अध्ययन गर्ने शिलशीलामा केहि दुष्ट कुरालाई हामीले यस अध्यायमा ध्यान दिनेछौं। परमेश्वरका जनहरू र सारा मानिसहरूको बीचमा केहि यस्ता खराब वा दुष्टताले भयङ्कर परिणाम भोगाइरहेकाछन्। यो खराबले कत्तिको दुष्परिणाम ल्यायो भनेर प्राचिन इस्रायलीहरूको बृतान्तमा हामी पाउन सक्दछौं। तर त्यहि खराबको चर्चिकलामा हामी पनि सजिलैसँग कसरी पर्न सक्दछौं भनेर थाहा पाउनु अत्यन्त महत्त्वपूर्ण बिषय हो भनेर जान्नु पर्दछ।

## १. फरक दृष्टिकोण (उत्पत्ति ६:५)

देहायका पदहरूमा के समान बिषयवस्तुलाई औंल्याइको हामी पाउँछौंः उत्पत्ति ६:५, यर्मिया १७:५, यूहन्ना २:२५ र रोमी ३:९-१२? यो बिषयवस्तुलाई हामीले किन कहिल्यै बिर्सनुहुन्न? तपाईंको संस्कार वा संस्कृतिमा के यस्ता प्रचलनहरू छन् जसले गर्दा त्यस महत्त्वपूर्ण सत्यलाई सजिलैसँग बिर्साइदिन सक्दछ?

सारा धर्मशास्त्र बाइबल भरी हामीलाई यो सतर्क गराएको छः हाम्रो मानव हृदयले हामीलाई सजिलै छकाउँदछ। मानिसहरू दुष्ट छन्, पापी छन्, अधर्मी छन्। अरूको पछि नलाग। कोहि पनि दुष्ट वा खराबबाट सुरक्षित छैन। तर एउटा मात्र अपवाद छ। त्यो हो, येशू ख्रीष्ट। येशूले कहिलै पनि पाप गर्नुभएन। बाइबलमा केवल केहि मात्र यस्ता मानिसहरू छन् जो सच्चा तथा असल आदर्श व्यक्तिहरू छन् जो हाम्रो निम्ति अनुकरणीय छन्।

मानिस, कत्तिको दुष्ट, खराब, निच, जनावर भन्दा पनि गिरेको प्रवृत्तिले ओतप्रोत भएका छन् भनेर थाहा पाउन बाइबलै पढ्नुपर्छ भन्ने छैन। मानिसको खराब प्रबृत्तिको बारेमा इतिहास आफै बोल्दछ। बिभिन्न अखबारहरू, टेलिभिजन तथा बिद्युतीय संचार माध्यमहरू, हाम्रै आँखाका सामु देखिरहेका क्रियाकलापले मानिसको दुष्ट चरित्रलाई

भन्डाफोर गरिरहेको हामी पाउँछौं। हामीहरूका घर परिवारले र हाम्रै हृदयले प्रायजसो मानिसहरू कत्तिको अधर्मी वा खराब छन् भनेर बताइरहेकाछन्। तर अझ, लुशिफर जस्ता सबै चरित्रमा सिद्ध भएको देवदूतले पनि सिद्ध स्वर्गमा खराब वा दुष्ट काम गर्न रोज्यो भन्ने कुराले हामीलाई भयभित तुल्याउँछ। यदि सिद्ध मानव जात आदम र हवाले पापरहित अदनको बँगैचामा त खराब गर्न रोज्यो हाम्रो बारेमा के भन्ने? स्वाभाविकैले पापीभएर हामी जन्मन्छौं। अनि त्यो पापलाई बोकि यस पापी संसारमा हामी पापी भएर नै भित्रन्छौं। त्यसैकारण खराब गर्ने नियत हामीलाई सजिलैसँग हुनगएको पाउँछौं। दुष्टता हाम्रो रगतमै मिसिएको वा जीन अर्थात् बंशानुगत नै रोपिएको हामी पाउँछौं।

तर खराब वा दुष्ट नै के हो भनेर हामीले स्पष्ट रूपमा बुझ्नु अत्यन्त जरुरी छ। यसलाई सतर्कतासाथ जान्नुपर्दछ। कुनै कुनै कुरा यस्तो स्पष्ट छन् जुन खराब वा दुष्ट छन् भनेर जसले पनि पहिचान गर्नसक्दछ। तर कतिपटक खराब कुराहरू लुकिएका वा छिपिएका हुन्छन्। संसारका समाज, संस्कार, चलनचलित, सस्कृतिले सामान्य वा ठिकै छन् भनेर सोचेका कुरालाई बाइबलले गलत, खराब, दुष्ट भनेर औंल्याउन सक्दछ।

व्यवस्था १२:८ र १३:१८मा भएको भिन्नतालाई मूल्याङ्कन गर्नुहोस्। यहाँ के महत्त्वपूर्ण भिन्नतालाई औंल्याइएको छ? ती भिन्नतालाई हामीले बुझ्नु किन महत्त्व छ?

तपाईंको समाजमा के यस्ता चलनहरू छन् जसलाई खराब भन्दैनन् तर बाइबललेचाहिँ भन्दछ? अझ स्पष्टमा भन्ने हो भने तपाईंको जीवन र चर्चको क्रियाकलापमा त्यस बिषयले कत्तिको जरा गाडेको तपाईंले पाउनुभएको छ? समाजको चलनचल्तीको प्रभावले हल्का महशुस भएर अपनाउनुभएका के यस्ता कुराहरू छन् जुन बाइबलले गलत र दुष्ट भनेर देखाइएका छन्? यस बिषयमा गहिरो चिन्तन गर्नुहोस्।

## २. सम्झौता गर्ने तथा मिल्ने कला र दुष्ट नियत (१ राजा ११:१-१३)

सबैसँग सम्झौता गरेर चल्ने कलालाई राजनिती भनिन्छ। यस कलामा मानिसको बोली अत्यन्त महत्त्वपूर्ण हुन्छ। यसमा चलाखीपना

र कुटनैटिकपना लुकिएको हुनसक्छ, तर त्यो त्यस व्यक्तिमा भरपर्छ जसले सम्झौता गर्छ। उसको नियतमा पनि भर पर्छ। कुशल राजनीतिज्ञले आफ्नो बोल्ने कलालाई प्रयोग गरेर मानिसको मनलाई परिवर्तन गर्न सक्दछ र त्यस मानिसको दिमाग अनुसार चलेको छ भनेर मानिसहरूलाई याद नहुन पनि सक्दछ। यस परिप्रेक्षमा सैतान अत्यन्त कुशल कुटनीतिज्ञ वा राजनीतिज्ञ छ भने पनि हुन्छ।

सम्झौता वा अरूलाई खुशी पार्न मिलेर जान्दा कस्तो दूषपरिणाम हुन्छ भनेर सारा बाइबलमा देखाइएको उदाहरणहरूले बताउँदछन्। प्रत्येक सम्झौता वा मिल्ने भन्ने कुरा आफै पनि नराम्रो होइन। साँच्चै भनौं भने हाम्रो जीवन आफै पनि सम्झौताको मूलधारमा चलिरहेको हुन्छ। तर परमेश्वरको सदिच्छाको बिपरित चलेर कसैसँग सम्झौता गरिन्छ वा मिलिन्छ भने त्यो मानविय दुष्टताको प्रतिफल हुनसक्दछ। परमेश्वरले दिनुभएको सत्यलाई पन्छाएर कसैसँग सम्झौता गर्नु पापको दलदलमा फस्नु हो।

उदाहरणमा......

१ राजा ११:१-१३ पढ्नुहोस्। यहाँ के भनिरहेको छ? यो कसरी भयो? सोलोमनले कस्ता कदमहरू चाले जुन खराब थिए? उसको कस्तो प्रभाव थियो जसले गर्दा इस्रायली जनमानस विश्वासबाट चिप्लियो, परमेश्वरको आराधनामा धक्का पर्‍यो र सारा धार्मिक प्रणालीमा असर पर्‍यो? सबैलाई खुशी पार्ने निहुँमा सम्झौता गर्दा कस्तो खतरा हुन्छ भनेर बर्तमान परिप्रेक्ष्यमा पनि के यसले पाठ सिकाउँदैन र?

माथि उल्लेख गरिएका पदहरूमा सब भन्दा समसामयीक तथा प्रभावशाली वाक्य शायद यो हुनसक्दछः "अब सोलोमन राजा बुढो भयो। उसका श्रीमतीहरूले उनको हृदय आफ्ना देवताहरूतिर फर्काए" (१ राजा ११:४ रूपान्तरित)। यसको अर्थ राजा सोलोमन अचानक परमेश्वरबाट तर्किएर मुर्तीपूजातिर लागेको थिएन। सुरूमा सोलोमन अत्यन्त धार्मिक र परमेश्वरलाई माया र विश्वास गर्ने व्यक्तित्व थिए। तर अलि अलि गर्दै उनी परिवर्तन हुन थालेको थियो। समय बित्दै जाँदा एउटामा अलिकति मिल्न गए अनि त्यसबाट बढ्दै अर्को थपिए। सम्झौता गर्दै लैजाने प्रत्येक सानो कदमले परमेश्वरबाट टाडा टाडा

पुग्न थाले। अन्तमा आफ्नो जवानीको बेलामा कदापी नगर्ने काम अहिले बुढो भएपछि गर्न थाले।

उनको सम्झौता गर्ने बानीले गर्दा परमेश्वरको उपासना गर्ने प्रथा इस्रायलको इतिहास कत्तिको गहिरो प्रभाव पर्‍यो सो सोच्नुहोस्। यसले गर्दा पुस्तौं सम्म इस्रायलमा नकारात्मक प्रभाव परिरहेका थिए।

सेभन्थ-डे एडभेन्टिस्ट चर्च छोडेर गएका र फेरी फर्केका मानिसहरूको बारेमा हामी कहिलेकाहिँ सुन्छौं। हाम्रो चर्चको विभिन्न शिक्षादिक्षा, आराधना गर्नै शैली र उच्च जीवनशैलीदेखि तिनीहरू असहमत हुनसक्ला । हाम्रो चर्चले अपनाएको शैलीलाई परिवर्तन गर्न चाहने कुनै कुरा नराम्रो नहुनसक्छ र कुनै नराम्रो पनि हुन सक्दछ। तर हामीले कसरी छुट्याउने?

## ३. खोटो आराधना (१ राजा १२:२५-२७)

परमेश्वरको प्रवक्ता अहिजा सोलोमन राजाको सेवक जेरोबोमकहाँ एउटा सन्देश लिएर आएको थियो। जेरोबोम इस्रायलको दश कुलहरूका राजा हुनेछ भन्ने समाचार अहिजाले सुनाएको थियो (१ राजा ११:२६-३१)। तर जेरोबोमको सफलता परमेश्वरको आज्ञाहरूमाथि देखाइने प्रतिवद्धतामा भर पर्छ भनेर अगमवक्ताले स्पष्ट पारेको थियो (पद ३७,३८)।

अपशोचको कुरो त यो भएको थियो, जेरोबोमले आफूले चाहेको कुरामात्र सुने। र आफू सफल राजा हुन के गर्नुपर्छ सो उनले बिर्से। सोलोमनको उत्तराधिकारीहरूको बिरुद्धमा जानेहरूको नेतृत्व गर्न उनी आत्तुरी हुनपुगे (१ राजा १२:१६-२०)। जब उनी राजा भए तब आफ्ना जनहरूलाई येरुशलेमको मन्दिरमा परमेश्वरको पूजाआजा गर्न जाने बन्देज लगाए।

कसैको निर्देशनमा गरिने आराधना वा उपासनाले मानिसको दिमागमा कत्तिको प्रभाव र शक्ति ओगट्न सक्छ भनेर १ राजा १२:२५-२७ले हामीलाई बताउँछ।

येरुशलेममा सत्य परमेश्वरको आराधना गरिने तरिकाबाट इस्रायलीहरूलाई अलग्याउन जेरोबोमले बनावटी तथा मिथ्या धर्मको प्रादुर्भाव गरे (१ राजा १२:२५-३३)। झट्ट हेर्दा त्यस गलत वा झुट्टा

धर्मले अपनाइको धार्मिक प्रक्रिया सत्य परमेश्वरलाई गरिने पूजाआजा जस्तै देखिएको थियो। तर यस नक्कली धर्मले सनातन परमेश्वर यह्वेले निर्देशन गर्नुभएको निर्देशिका अनुसार चलेको थिएन। तर त्यसको बिपरित तिनीहरूले आराधनाका बिधीहरू अपनाएः

क. पुजारी हुन परमेश्वरले खटाउनुभएको लेबीहरूलाई पन्छाएर अरू बंशहरूलाई नै बलिप्रथा प्रथा चलाउन अधिकार दिइयो (पद ३१-३३)।

ख. सुनका गाई र वाछाहरू बनाएर यहि नै तिमीहरूको देबीदेवता हो भनेर गाईलाई पूजा गर्ने चलन बसाले (पद २८)

ग. परमेश्वरको निर्देशनमा बनाइएका येरुशलेमको मन्दिरमा उहाँको पूजा गर्नुको सट्टा बेथेलमा मन्दिर बनाइयो (पद २९)

घ. डान भन्ने ठाउँमा पनि मन्दिर बनाइयो (३९)

ङ. परमेश्वरको पवित्र मन्दिरमा गरिने चाडपर्वलाई पन्छाएर अर्कै नयाँ चाडपर्वको सुरुवात गरियो (३२)

च. पहाडको बिभिन्न उच्चाईंहरूमा मठ मन्दिर तिर्थ स्थल निर्माण गरेर ती ठाउँहरूमा पुजा गर्न लगाइयो (पद ३२)

यदि सक्कली पैसा जस्तो नक्कली पैसा देखिएन भने कसैलाई पनि छकाउन सक्दैनन्।यदि नयाँ धर्ममा कतिपय पुरानै धार्मिक बिधिबिधानहरू समावेश भइएन भने मानिसहरूले उसले चलाएका नयाँ धर्मलाई मानिसले उपासना गर्दैन भन्ने तथ्य जेरोबोमलाई थाहा थियो। राजा भएको हैशियतले आफ्नो अधिकार प्रयोग गरेर सुनको बाच्छोलाई औंल्याएर जेरोबोमले जनताहरूको सामु यो घोषणा गरेको थियो, "लौ हेर, तिमीहरूलाई मीश्र देशको दासत्वबाट स्वतन्त्र बनाएर ल्याएको देवटा यहि हो ! (पद २८ रूपान्तरित)।

मानिसहरू कसरी परमेश्वरबाट तर्किएर यसरी निचतामा ओर्ल्हे भनेर अचम्म मान्नु हामीलाई सजिलो हुनसक्दछ। तर नक्कली तथा खोटो आस्थाको पहिरण ओढेर मानिसहरू आफू र अरूहरूलाई छकाउन अत्यन्त निपुण भएको हामी पाउँदछौं। यो कुनै व्यक्तिगत

अभिव्यक्ति नभएर मानिसको पापको स्वभावको प्रमाण हो। यो अधर्मी स्वभाव अर्थात् धर्मका लुगा लगाएर बाहिर भेंडा तर भित्र ब्वाँसोको चरित्र हुने स्वभाव कुनै निश्चित समुदायमा सिमित भएको हामी पाउँदैनौं। पुरानो समयका मानिसहरू भन्दा अहिले हामी धेरै प्रगतिशील छौं र कसैले पनि हामीलाई छकाउन सक्दैन भन्ने मनिस्थिति बोक्नु भनेको आफूले आफैलाई धोका दिनु हो। तपाईंको जीवनशैली र आराधना तथा उपासना गर्ने शैलीलाई आत्मआलोचना गरेर नियाल्नुहोस्। तपाईंले के यस्तो काम गरिरहनुभएको छ जसले जेरोबोम तथा उसका प्रजाहरूको क्रियाकलापको केहि हदसम्म प्रतिविम्व गर्दछ? यदि आवश्यक भए परमेश्वरको महिमाको लागि परिवर्तन हुन तपाईं कत्तिको इच्छुक हुनुहुन्छ?

## ४. एलिया र घाम पानि तथा हुरीबतासको देवता बालका पुजारीहरू (१ राजा १८)

समय बित्दै जाँदा परमेश्वरको आराधना गर्ने शैलीमा उत्तरी इस्रायलका राज्य झन झन खराबतिर खस्किन थालेको थियो। राजा अहब र उसको बिदेशी तथा मुर्ती पूजा गर्ने महाराणी जेजबेलको शासनकालमा परमेश्वरप्रतिको आस्थामा चिसोपना चरम सिमामा पुगेको थियो भने पनि हुन्छ (१ राजा १७-१९ पढ्नुहोस्)। हामी अहिले परमेश्वरको अगमवक्ता एलिया र बाल देवताका भविष्यवक्ता तथा पुजारीहरूको बिचमा भएको चुनौतीपूर्ण हाँकको प्रख्यात कथामा प्रवेश गर्नेछौं। सबैलाई खुसी पार्ने निहुँमा परमेश्वरको नितिलाई पन्छाएर सबैसँग मिल्न खोज्दा वा सम्झौता गर्न खोज्दा मानिस कत्तिसम्म खस्किन सक्दछ भन्ने प्रमाण यस कथा हाम्रो निम्ति ज्वलन्त उदाहरण बनेर खडा भएको पाउँदछौं।

एलिया र गलत धर्मले नियन्त्रित भएका मिथ्या बाल देवताका पुजारीहरूले गर्ने आराधना तथा उपासना गर्ने शैली कत्तिको भिन्न रहेछ भनेर १ राजा १८ले स्पष्ट गरेको सोच्नुहोस्। वर्तमान परिप्रेक्ष्यमा पनि हाम्रो र हामीले आराधना गर्ने शैलीलाई यस कथाले कस्तो अर्थपूर्ण चुनौति दिन सक्दछ?

निर्णायक मोडको निम्ति एउटा पहाडको चुचुरोमा सारा भीँड एकत्रित भएर बसेको दृष्य अत्यन्त रोचक हुनसक्दछः दिनभरी बाल देवताका पुजारीहरू तन्त्र मन्त्र गरेर ढ्याँग्रो तताएर चिच्याइरहेका थिए, उफ्रिरहेका थिए, रोइकराई उनीहरूको देवतसँग आगो पठाउन पुकार गरिरहेका थिए (पूजा गर्दा तिनीहरूले कस्तो बाजा गाजा बजाए कसलाई थाहा छ र?)। तिनीहरूले देवताको बोली बोलेको भनी काम्दै कराइ रहेका थिए। आफूले आफैलाई चक्कुले काट्दै रगत बगाउँदै देवताको अगाडि लम्पछार हुँदै त्यसलाई जगाउन अथक प्रयास गर्दै थिए। निसन्देहः ती पुजारीहरू आफ्ना आस्था र देवताप्रति अत्यन्त उत्साहित र जोशिलो भएका थिए। आफूले गरेको विश्वासप्रति तिनीहरू कत्तिको इमान्दारी रहेछ भनेर तिनीहरूको भावात्मक चर्तिकलाले देखाइरहेका थिए।

आज पनि कतिपय इसाई आराधना सेवाकार्यमा त्यस्ता उत्तेजित शैलीहरू अपनाएका हामी पाउँदछौं, जस्तैः उफ्री उफ्री भावनाहरूलाई जोशिलो प्रकारले व्यक्त गरिरहेका र धेरै हल्लाखल्ला गरेर मानौं सुतेको परमेश्वरले जगाउन कसैले नबुझ्ने गरि लर्बर्‍यार चिच्याएर उपासना गर्ने। हो, मलामी गएको बेलामा जस्तो गम्भिर भएर परमेश्वरको उपासना गर्ने शैलीलाई मात्र हामी तयार छैनौं। फेरि त्यसै बखत हामीले गर्ने आराधना प्रक्रियामा कार्मेल पहाडमा बाल देवताका पुजारीले गरेको पुजा अर्चना शैलीलाई सम्झाउन पनि चाहन्दैनौं। जत्ति हल्लाखल्ला वा बाजा बजाएर कानै खाने गरि चिच्याएर आराधना गर्नु नै सच्चा उपासना हो भनेर कतिपय मानिसले सोचेको हामी पाउँछौं। तर यथार्थमा परमपिता परमेश्वरलाई गर्ने उपासनाको त्यो शैली अपनाउनु उचित हुदैन्।

यस कथाले हामीलाई विभिन्न महत्त्वपूर्ण पाठहरूमा सिकाउँदछन्। त्यसमा शायद, हामीले गर्ने सबै सेवाकार्यले सत्य सृष्टिकर्ता परमेश्वरलाई लक्षित गर्नु पर्दछ भनेर देखाउने एक हुन्। सत्य आराधना बाइबल सम्मत हुनुपर्दछ। उपासना शैलीले परमेश्वरको वचनलाई पछ्याउनुपर्दछ। भक्तजनहरूलाई परमेश्वर र इतिहासमा उहाँले गर्नुभएको सारा कामलाई औँल्याउनु अत्यन्त आवश्यक छ। बाल देवताका पुजारीहरूले देवतालाई जगाउन अनेक किसिमले ठूलो

हल्ला मच्चाएका थिए। तर त्यसको ठीक बिपरित एलियाले केवल यो सरल प्रार्थना गरेः "हे परमेश्वर, मेरो बिन्ति सुन्नुहोस् र त्यसको जवाफ दिनुहोस्। यसले तपाईं र तपाईं मात्र एक परमेश्वर हुनुहुन्छ भनेर यी मानिसहरूले जानुन्।" (पद ३७ रूपान्तरित)। एलियाले कुनै भव्य तरिकाले परमेश्वरको पुकार गरेनन्। मानव निर्मित तथा आविष्कारित देवीदेवताहरूको आराधना गर्ने तरिकाको बिपरित जीवित र सत्य परमेश्वरको उपासना कसरी गर्ने भनेर एलियाले देखाएको शैली हामी सबैको निम्ती ज्वलन्त उदाहरण हो।

जब हामी परमेश्वरको उपासना गर्दछौं तब एलियाले अपनाएको बिधिलाई हामीले सधैं आत्मसात् गर्नुपर्दछ। उनले मानिसको हृदयमा यो प्रश्न राखीदिएको थियो, "कतिसम्म दोधारमा तपाईंहरू बस्नुहुन्छ? यदि जीवित परमेश्वरमात्र एक हुनुहुन्छ भनेर तपाईंहरूले विश्वास गर्नुहुन्छ भने उहाँलाई मात्र पछ्याउनुहोस्। तर यदि बालदेवतामात्र परमेश्वर हो भने उसलाई पछ्याउनुहोस्।" (पद २१ रूपान्तरित)। (यसको अर्थ विश्वासलाई छ्यासमिस नगर्नुहोस् वा सबै धर्म एकै हुन् भनेर कहिले चर्चमा जाने, कहिले मन्दिरमा जाने प्रवृत्ति हटाउनु होस्, दोधारे धार्मिक व्यक्ति नहुनुहोस् भनेर एलियाले हामीलाई पनि आह्वान गर्न खोजेको पाउँछौं)। हामीले आराधना गर्ने तरिकाले हाम्रो हृदयलाई खोतल्न सक्नुपर्दछ। यसले गर्दा हाम्रो सच्चा प्रेम कहाँ छ भनेर देखाउँदछः परमेश्वरमा कि अरू कुनैमा।

## ५. एलियाको सन्देश (मलाकी ३:१८)

कार्मेको पहाडमा १५० जना बालदेवताका पूजारीहरूलाई एलियाले दिएको चुनौतीले त्यहाँ जम्मा भएका मानिसहरूको मनमा आत्मनिर्णय गर्न आह्वान गरिएको थियो। "कतिसम्म दोधारमा तपाईंहरू बस्नुहुन्छ? यदि जीवित परमेश्वरमात्र एक हुनुहुन्छ भनेर तपाईंहरूले विश्वास गर्नुहुन्छ भने उहाँलाई मात्र पछ्याउनुहोस्। तर यदि बालदेवतामात्र परमेश्वर हो भने उसलाई पछ्याउनुहोस्।" (१ राजा १८:२१ रूपान्तरित)। हो, मानिसहरूलाई निर्णायक घडिमा आउन एलियाले आह्वान गरेको थियो। तर यो आह्वान केवल इतिहासको पानामा मात्र सिमित नराखेर हर युगमा सोधिने प्रश्न हो। यसले हरेक

मानिसलाई आत्मनिर्णय गर्न चुनौती दिँदछः के हामीले सच्चा परमेश्वरका भक्त हौं कि होइनौं? एक जीवित परमेश्वर र मानवदर्शनले निर्मित देवीदेवताहरूलाई मान्ने दोधारे नितिलाई हामीले सधैं पालिराख्न सक्दैनौं। ढिलो वा चाँडो हामीहरूको आस्था कहाँ रहेछ भनेर प्रमाणित गरेर देखाउनुपर्ने हुन्छ।

जब युगको अन्तमा येशू र सैतानको बिचमा भएको महान् अन्तरद्वन्दको समार्पण हुन्छ तब विश्वका सारा मानिसहरू सदाको निम्ति दुई खेमामा बिभाजित हुनेछन्ः “परमेश्वरको सेवा गर्ने र नगर्ने” (मलाकी ३ः१८)। येशूले निडर भएर स्पष्ट रूपमा भन्नुभएको थियोः “जो मानिस मेरो साथमा छैन त्यो मेरो खिलाफमा हुन्छ। जो मानिस मसँग भेँडाहरू जम्मा गर्दैनन् त्यसले ती भेँडाहरूलाई तितरबितर पार्ने प्रयास गर्नेछन्।“ (लूका ११ः२५ रूपान्तरित)। येशूको यो स्पष्ट निति भन्दा अरू के होला र?

कार्मेलको पहाडमा घटेका एलियाको कथालाई मनमा राखेर मलाकी ३ः१६-४ः६ पढ्नुहोस्। परमेश्वरले हामीलाई के भन्न खोजिरहनुभएको छ? युगको अन्तमा हुने घट्ना र आराधना गर्ने शैलीको सन्दर्भमा एलियाको सन्देशसँग के सरोकार छ? तुलनात्मक रूपमा हामीले कसरी बुझ्ने? यस जिज्ञासालाई बुझाउन प्रकाश १४ः७-१२ पनि पढ्नुहोस्।

बप्तिस्मा दिने यूहन्नालाई येशूले एलिया भनेर सम्वोधन गर्नुभएको थियो। (मत्ती १७ः११-१३)। हृदय बदल, पच्छताप गर र परमेश्वरको नितिमा हिँड भनेर बप्तिस्मा दिने यूहन्नाले सारा मानिसलाई सन्देश दिएको थियो। पाप र दुष्टको अन्त हुन अगावै एलिया फेरी आउनेछन् भनेर परमेश्वरको अगमवक्ता मलाकीले स्पष्ट पारेको थियो (मलाकी ४ः१,५)। चेतावनीको सन्देश, परमेश्वरको निति अर्थात् उहाँको आज्ञा पालन गरेर चल्न र एक मात्र जीवित सनातन परमपिता परमेश्वर जो हाम्रो सृष्टिकर्ता हुनुहुन्छ सो को भक्त हुन प्रकाश पुस्तकको लेखकले आह्वान गरेको हामी पाउँछौं। जस्तै निर्णयको घडिमा आउन कार्मेलको पहाडमा एलियाले गरेको आह्वानलाई मानिसहरूले सुनेका थिए, त्यहि आह्वानलाई आत्मसात् गरेर जीवन सम्पर्न गर्न महत्त्वपूर्ण निर्णय गर्न सबैलाई बोलाइएको छ। साँच्चिक्कै यो निर्णयले अनन्त जीवन वा मोक्षको जीवनलाई असर पार्दछ। यसमा

पनि हामी सबैको निम्ति शुभ समाचार छ। युगको अन्त्य हुनु अगावै दिनदिनै हामीले परमेश्वरको बाटोलाई रोजेर उहाँको साथमा रहनसक्दछौं। जब राष्ट्र र राष्ट्रहरूको बिचमा वा खराब र असललको बिचमा हुने युद्धको पर्दाफास हुन्छ तब परमेश्वरको साथमा रहेछौं भन्ने आभास हामीले पाउनेछौं।

बिगत केहि दिनहरूमा तपाईंले गर्नुभएको निर्णयको बारेमा सोच्नुहोस्। चाहे त्यो ठूलै होस् वा सानै होस् (लुका १६:१०)। ती कुराहरूलाई रोज्ने क्रममा तपाईं कुन पक्षमा उभिरहनुभएको छ? तपाईंको जवाफको परिणामलाई पनि ख्याल गर्नुहोस्।

## उपसंहारः

थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित प्रोफेटस् एण्ड किंगसमा उल्लेखित यी अध्यायहरू पढ्नुहोस्ः "जेरोबोआम" पृ. ९९-१०८, "नेशनल आपोस्टेसी" पृ. ११४-११९, "एलिया द टिशबाइट" पृ. ११९-१२८, "द भ्वाइस अभ स्टरन रिब्युक" पृ. १३९-१४२, र "कार्मेल" पृ. १४३-१५४।

"जसरी एलियाको समयममा इस्रायलका मानिसहरू सनातन परमेश्वरको मार्गबाट भ्रष्ट भएका थिए, आज पनि त्यहि रूपमा सत्य धर्म त्याग जताततै फैलिएका छन्।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किंगस्, पृ. १७० रुपान्तरित ।

"परमेश्वरका हजारौं मानिसहरू आज पनि छन् जसले बाल देवतालाई ढोगेका छैनन्।.....र साथै जानी नजानी बाल देवता तथा मानव निर्मित धर्मलाई पूजा गरिरहेका धेरै छन्।" एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किंगस्, पृ. १७१ रुपान्तरित ।

ए. जे. टोजर, बिसौं शताव्धीका प्रख्यात बाइबलका प्रचारक थिए। उनक मृत्यु सन् १९६४मा भएको थियो। मनोरञ्जनको देवताको खिलाफमा उनले प्रायजसो प्रचार गर्दथे। (रमाइलो रमझमलाई धार्मिक उपासनामा समावेश गर्नु मुनाशिव छैन भन्ने उनको धारणा थियो)। चर्चले जत्तिसुकै प्रयास गरेतापनि संसारका लोकप्रिय मनोरञ्जनकर्ता जस्तै सिनेमाकर्मी, संगितका कलाकारहरू वा मानिसलाई आकर्षित गर्ने कलाबोकेकाहरूसँग प्रतिस्पर्धा गर्न सक्दैनन्। मानव

हृदयलाई जित्न मनोरञ्जन गरेर होइन तर येशूको क्रुसले मात्र सफलता हासिल गर्न सक्दछ भनेर टोजरको भनाइ थियो।– जेम्स एल. स्नाइडर (क्याम्प हिल, पेनसिलभानियाः विंग स्प्रेड पब्शिरस्, १९९७)द्वारा प्रकाशित ए. डब्ल्यु. टोजरका संकलित, टोजर अन वर्शिप एण्ड इन्टरटेन्टमेन्ट, पढ्नुहोस्।

**चिन्तनमननः**

क. तपाईंको समाज, लोकप्रिय संस्कारले चर्चका नैतिक विद्यालाई कत्तिको प्रभावित पारेको छ? के ठिक वा वेठिक छुटयाउने मापदण्ड बाइबल हो कि तपाईंको समाज?

ख. आगो र पानी पठाउने देवतालाई पूजा गर्ने शैलीलाई हेर्दा, त्यसका भक्तहरू अत्यन्त मनोरञ्जन तथा मन बहलाएर उसको सेवा गर्नेरहेछ। यसलै गर्दा यो धर्म किन अत्यन्त लोकप्रिय भएको भएको रहेछ भनेर हामी थाहा पाउँछौं। मनोरञ्जन तथा त्यस्तो अपेक्षाद्वारा होइन तर गहिरो श्रद्धा भक्तिद्वारा परमेश्वरको उपासना गर्ने शैलीलाई हामीले कसरी पुनःस्थापना गर्ने?

ग. गत बिस वर्ष भित्रमा सेभेन्थ-डे एडभेन्टिस्ट कसरी परिवर्तन भइयो? तपाईंको बिचारमा कुन असल मोड यसले लिइएको छ? वा के परिवर्तन भएको छैन कि? यदि समय रहिरह्यो भने अबको बिस वर्षमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च कुन गतीतिर लाग्ने होला? प्रगतिशीलको नाउँमा तपाईंको स्थानिय चर्चमा हुने सेवा कार्यमा बिस वर्ष पछि कस्तो हुने होला सोच्न प्रयास गर्नुहोस्।

घ. एक मात्र जीवित, परम पिता सनातनका परमेश्वरको उपासना गर्न छोडेर अरू धर्महरूप्रति आकर्षित भएका इस्रायलीहरूको बारेमा सोच्नुहोस्। फेरि यो रातारातै भएको पनि थिएन। सैतान अत्यन्त धिरजी छ। बिस्तारै तर निश्चय गरेर हामी पनि इस्रायलीहरूको बाटो अँगाल्नबाट हामी कसरी सुरक्षित हुने?